जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १०९ पृष्ठः ४ | २०८३ भदौ ०३ बुधबार (Wednesday 19 Aug. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहामा प्रहरीकै गोलीबाट गणेश यादवको ज्यान गएको छानबिन समितिको निष्कर्ष, कारबाही सिफारिस



**गौरव पोखरेल**

सिरहा, २ भदौ। साउन १४ मा सिराहामा भएको तनावका क्रममा ज्यान गुमाएका १५ वर्षीय गणेश यादवलाई प्रहरीले नै चलाएको गोली लागेको पुष्टि भएको छ। सरकारले गठन गरेको सहसचिव पुष्पराज शाही नेतृत्वको छानबिन समितिले प्रहरीले चलाएको गोली नै त्यसदिन उनलाई लागेको निष्कर्षसहितको प्रतिवेदन बुझाएको हो। सुनसरीमा दुई समुदायबीच भएको झडप मधेशभरि फैलिँदा भएको सिराहामा भएको तनावका क्रममा यादवको ज्यान गएको थियो। तर, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी कसैले पनि गोली चलाएको स्वीकारेका थिएनन्।

छानबिनमा संलग्न एक अधिकृतले कुरा गर्दै घटनास्थलको सीसीटीभी फुटेज, प्रत्यक्षदर्शीको बयान र स्थानीयले खिचेको भिडियोका आधारमा प्रहरीबाटै गोली चलेको पुष्टि भएको बताए। 'पोस्टमार्टममा संलग्न चिकित्सकहरूको राय पनि पेस्तोलबाट गोली चलेको गोलीले ज्यान गएको भन्ने रह्यो,' उनले भने, 'छानबिन समितिमा ब्यालेस्टिक जाँचका विज्ञ पनि हुनुहुन्थ्यो, अन्यत्रबाट गोली चलेको देखिएन।'

यसअघि नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट सिराहामा २० राउन्ड हवाई फायर भएको भनिएको थियो। तर, सुरक्षाकर्मीले जिम्मेवारी नलिएपछि कसले गोली चलायो भन्ने विषय पेचिलो बनेको थियो। प्रधानमन्त्री वालेन्द्र शाह र गृहमन्त्री सुधन गुरुङले समेत यो विषयमा चासो देखाएका थिए।

सिरहामा गोली कसले चलाएको

–बाँकी तीन पेजमा

## सिरहाका विभिन्न नाकाबाट २६ लाख बढीको अवैध सामान बरामद



सिरहा, २ भदौ। सिरहाका विभिन्न सीमा इलाकाबाट सशस्त्र प्रहरीले भारततर्फ अवैध रूपमा लैजाँदै गरेको तथा भारतबाट नेपालतर्फ अवैध रूपमा ल्याउँदै गरेको २६ लाख रुपैयाँभन्दा बढी मूल्यका सामान बरामद गरेको छ। सशस्त्र प्रहरीका अनुसार आइतबार विभिन्न सीमा क्षेत्रबाट लत्ताकपडा, कस्मेटिक, किरानाका सामान, मदिरा तथा पेय पदार्थ, हार्डवेयरका पार्टपुर्जा, बीउबिजन लगायतका सामग्री बरामद गरिएको हो।

बरामद गरिएका सामानको कुल मूल्य करिब २६ लाख २९ हजार ९ सय ९३ रहेको सशस्त्र प्रहरीले जनाएको छ। बरामद सामान आवश्यक कानुनी प्रक्रिया पूरा गरी सिरहा भन्सार कार्यालयमा दाखिला गरिएको सशस्त्र प्रहरी सिरहाका प्रमुख एसपी सुमनजंग थापाले जानकारी दिए।

## थोक बिक्रीस्थल तोकिदिन आँप व्यवसायीको माग

**मणिलाल विश्वकर्मा**



लहान, २ भदौ। उत्पादन परिमाण र क्षेत्रफलको हिसाबले सबैभन्दा बढी आँप उत्पादन हुने सिराहामा आँप व्यवसायीहरूले आँप फल्ने मौसममा जिल्लाका विभिन्न स्थानीय तहलाई पायक पर्ने गरी थोक बिक्रीस्थल तोकिदिन माग गरेका छन्। जिल्लाका विभिन्न भागमा छरिएर रहेका आँप व्यवसायीको संगठन आँप व्यवसाय संघको गोलबजारमा सम्पन्न बृहत् भेलाले आँपको बिक्रीका लागि व्यवस्थित थोकस्थल तयार गरिदिन प्रदेश र संघीय सरकारलाई गुहारेका हुन्। व्यापारीहरूले किसानको बगैँचाबाट आँप टिपेर सोझै तोकिएको बिक्रीस्थलसम्म ल्याउँदा आँपको ढुवानीमा लाग्ने रकम घट्नेसँगै फुट्ने जोखिम कम हुने र त्यसले व्यापारी तथा किसान दुवैलाई फाइदा हुने संघका अध्यक्ष जगदीश यादवले बताए।

'बिक्रीस्थलसम्म ल्याउँदा जति न्यून क्षति भयो, त्यति फाइदा हुन्छ,' उनले भने, 'व्यापारीले कबोल गरेको ठेक्का रकमअनुसार बिक्री गर्न सकियो भने किसानले पनि वेलैमा भुक्तानी पाउने भएकाले दुवै पक्षलाई फाइदा हुन्छ।' संघका महासचिव विजयकुमार रामका

–बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## साक्षर समाज-सक्षम राष्ट्र

अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ, साक्षरता भनेको केवल पढ्न लेख्न जान्नु मात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो।

**शिक्षाः**

- आत्मनिर्भर बन्नका लागि,
- रोजगारी र अवसरको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताका लागि,
- धार्मिक सहिष्णुता र सम्मानको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## छोरी जन्माउनु अपराध होइन

छोरी जन्माएकै कारण बुहारीलाई निरन्तर यातना दिने, कुटपिट गर्ने र अन्ततः विष सेवन गराएर हत्या गरेको अभियोगमा सप्तरीमा पाँच वर्षपछि ससुरा पक्राउ पर्नु एउटा आपराधिक घटनाको अनुसन्धान अघि बढेको सामान्य खबर मात्र होइन। यो हाम्रो समाजमा अझै जरा गाडेर बसेको छोरा–छोरीबीचको विभेदकारी मानसिकताको भयावह तस्वीर हो। एउटी आमाले दुई छोरी जन्माउनु कसरी उनको जीवनकै अपराध बनाइयो? प्रश्न यहीँबाट सुरु हुन्छ।

बोदेबरसाइन नगरपालिका–८ काचन टोलकी २५ वर्षीया शिवकुमारी दासले दोस्रो सन्तानका रूपमा छोरी जन्माएपछि उनको जीवन झन् कठिन बनेको प्रहरी अनुसन्धानले देखाएको छ। दोस्रो छोरी जन्माएको करिब एक महिनामै परिवारका सदस्यबाट यातना र कुटपिट सहनुपरेको र २०७७ कात्तिक १७ गते जबर्जस्ती विष सेवन गराई हत्या गरिएको प्रहरीको दाबी छ। घटनामा ससुरासहित श्रीमान्, देवर, नन्द र सासुसमेत संलग्न रहेको आरोप छ। पाँच वर्षपछि ससुरा पक्राउ परेका छन्, तर अन्य आरोपित अझै फरार छन्।

यो घटनाको सबैभन्दा पीडादायी पक्ष के हो भने शिवकुमारीको मृत्यु केवल एक महिलाको मृत्यु होइन। उनले पछाडि छाडेका दुई अबोध छोरीको जीवनबाट आमाको माया खोसिएको छ। नौ वर्षीया जेठी छोरी माइतीका हजुरबुबासँग र पाँच वर्षीया कान्छी छोरी बाबुको परिवारसँग बस्न बाध्य हुनु आफैँमा एउटा गहिरो सामाजिक विडम्बना हो। सिटी रिक्सा चलाएर नातिनीहरूको पालनपोषण गरिरहेका हजुरबुबा रामदेवले व्यक्त गरेको पीडा कुनै एउटा परिवारको मात्र होइन, न्यायको प्रतीक्षामा रहेका असंख्य पीडित परिवारको आवाज हो।

छोरी जन्माउनु आमाको नियन्त्रणमा हुने विषय होइन। सन्तानको लिङ्ग निर्धारणका लागि महिलालाई दोष दिनु वैज्ञानिक अज्ञानता मात्र होइन, महिलामाथि हुने चरम अन्याय पनि हो। अझै पनि कतिपय परिवारमा छोरा जन्मिए उत्सव मनाउने तर छोरी जन्मिए महिलालाई दोष लगाउने सोच जीवित रहनु सभ्य समाजका लागि लज्जाको विषय हो। यही मानसिकताले घरेलु हिंसा, मानसिक यातना, शारीरिक हिंसा र कहिलेकाहीँ हत्यासम्मको बाटो खोलिरहेको छ।

कानुनले महिलालाई समान अधिकार दिएको छ। छोरी र छोराबीच कुनै विभेद गर्न नहुने स्पष्ट व्यवस्था छ। तर कागजमा लेखिएको कानुनले मात्र समाज बदलिँदैन। कानुनको प्रभावकारी कार्यान्वयनसँगै परिवार, समुदाय, विद्यालय र सामाजिक संस्थाले सोच परिवर्तनको अभियान चलाउनुपर्छ। महिलामाथि हुने हिंसालाई 'घरायसी कुरा' भनेर बेवास्ता गर्ने प्रवृत्ति अन्त्य गर्नुपर्छ। हिंसाको प्रारम्भिक संकेत देखिनेबित्तिकै परिवार, छिमेकी र राज्यका निकायले हस्तक्षेप गर्न सक्नुपर्छ।

शिवकुमारीको घटनामा पाँच वर्षपछि भए पनि पक्राउ पर्नु सकारात्मक सुरुवात हो। तर अनुसन्धान यतिमै रोकिनु हुँदैन। प्रहरीका अनुसार घटनामा संलग्न भनिएका अन्य आरोपित विरुद्ध पनि पक्राउ पुर्जी जारी भइसकेको छ। उनीहरूलाई तत्काल खोजी गरी कानुनी दायरामा ल्याउनुपर्छ। घटनाको निष्पक्ष र सूक्ष्म अनुसन्धान गरी प्रमाणका आधारमा दोषीमाथि कडा कानुनी कारबाही हुनुपर्छ। न्याय ढिलो हुनु पनि पीडित परिवारका लागि अर्को पीडा हो।

त्यसैगरी, शिवकुमारीका दुई छोरीको भविष्यप्रति राज्य र स्थानीय तहको ध्यान पुग्न आवश्यक छ। आमाको हत्या भएपछि बालिकाले भोग्नुपर्ने मानसिक, सामाजिक र आर्थिक कठिनाइलाई केवल परिवारको जिम्मेवारी भनेर पन्छाउन मिल्दैन। उनीहरूको शिक्षा, सुरक्षा र भविष्य सुनिश्चित गर्न राज्यले विशेष संरक्षण र सहयोगको व्यवस्था गर्नुपर्छ।

समाजले अब एउटा प्रश्न आफैँलाई सोध्नुपर्छ—छोरी जन्मिएकै कारण आमालाई दोषी बनाउने अधिकार कसलाई छ? कुनै पनि महिलाले सन्तानको लिङ्गका कारण हिंसा सहनुपर्ने अवस्था स्वीकार्य हुन सक्दैन। शिवकुमारीमाथिको आरोपित अपराधमा न्याय दिलाउनु उनको परिवारप्रतिको दायित्व मात्र होइन, छोरी जन्माएकै कारण अपमान र हिंसा सहन बाध्य सबै महिलाप्रतिको राज्यको जिम्मेवारी पनि हो।

छोरी बोझ होइनन्, भविष्य हुन्। आमालाई छोरी जन्माएको अपराधमा सजाय दिने मानसिकता बदलिनैपर्छ। शिवकुमारीको मृत्युले समाजलाई यही कठोर सन्देश दिएको छ—अब पनि मौन बस्ने हो भने अर्को शिवकुमारीको जीवन जोखिममा पर्न सक्छ।

# मष्टो संस्कृति : मध्यकालीन इतिहासको जीवित स्मृति



सुरेन्द्र राज जोशी

सुदूरपश्चिम प्रदेशमा शुक्लाफाँटा, घोडाघोडी र खप्तडजस्ता प्राकृतिक सम्पदा छन्। सुर्मा, शैलेश्वरी, देहिमाणु, मष्टा माणु र बैजनाथजस्ता धार्मिक गन्तव्य तथा सैपाल र अपि हुँदै कैलाश जाने पदमार्ग पनि छन्। उदुम्बरपुरी/डुङ्ग्रकोट र अजैमेरुकोटजस्ता मध्यकालीन दरबार क्षेत्रसमेत छन्। यति हुँदाहुँदै पनि सुदूरपश्चिमले पर्यटनबाट अपेक्षित लाभ लिन सकेको देखिँदैन। लुम्बिनी, पशुपतिनाथ र जनकपुरधामजस्ता धार्मिक गन्तव्य तथा पनौती, घलेगाउँ र बन्दीपुरजस्ता पर्यटकीय क्षेत्रले पर्यटक आकर्षित गरिरहेका बेला सुदूरपश्चिमले आफ्नो धार्मिक तथा ऐतिहासिक पहिचानलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यटन बजारमा स्थापित गर्न अझै सकेको छैन।

यस्ता सम्भावनामध्ये बझाङ जिल्लाको ढँडारमा अवस्थित मष्टो पनि हो। मेरो पेसागत यात्राका क्रममा इसिमोडका तत्कालीन महानिर्देशक डा. गाब्रियल क्याम्पबेलसँग काम गर्ने अवसर मिलेको थियो। उहाँले जुम्ला क्षेत्रमा हिन्दुहरूले आफ्ना स्थानीय देवतासँग कसरी परामर्श गर्छन् भन्ने विषयमा सन् १९७८ मा विद्यावारिधि अनुसन्धान गर्नुभएको रहेछ। मष्टो देवताको 'ओराकुलर' अर्थात् भविष्यवाणी तथा परामर्श दिने स्वरूपबारे उहाँले सम्मानपूर्वक गरेको चर्चाले बाल्यकालदेखि मनमा बसेका यी विषयप्रति मलाई नयाँ दृष्टि दियो। यस्ता विषयमा विद्यावारिधि तहसम्म अनुसन्धान हुन सक्छ भन्ने कुराले मलाई विशेषरूपमा प्रभावित पारेको थियो। क्याम्पबेलको उक्त शोधकार्य पछिल्ला मष्टोसम्बन्धी शैक्षिक अध्ययनमा समेत उद्धृत भएको पाइन्छ।

स्थानीय जनविश्वासअनुसार 'भाग्य भावीले लेख्छन् तर संरक्षण गर्ने शक्ति मष्टो हो' यही विश्वासका कारण मानिसहरू दुःख, रोग, विवाद वा अन्य समस्याको समाधान खोज्न तथा विवाह, यात्रा, खेतीपाती र पारिवारिक कार्यजस्ता भविष्यका योजनाका लागि आशिष र मार्गदर्शन लिन देवतासँग परामर्श गर्छन्। जापानकी मानवशास्त्री हायामी यासुनोको मष्टोसम्बन्धी अध्ययनले पनि मष्टोलाई समस्याको कारण पहिचान गर्ने, त्यसको निवारणका उपाय सुझाउने तथा मानवीय अन्याय वा गल्तीका अवस्थामा दण्ड र समाधानसँग जोडिने देवताका रूपमा प्रस्तुत गरेको छ।

**देवतासँग संवाद : धामी र देवबाणीको संस्था**

मष्टो देवताको तर्फबाट 'धामी' बोल्छन्। धामीले प्रयोग गर्ने भाषामा संस्कृत, नेपाली, विशेषगरी खस भाषाका साथै भोटे शब्दहरूको मिश्रण पाइने स्थानीय विश्वास छ। थरथर काँप्दै दिव्य दृष्टि प्राप्त गरेका धामीले अरूले सहजै नबुझ्ने भाषामा देवबाणी प्रस्फुटन गर्छन् भन्ने मान्यता छ। यस्तो भाषिक मिश्रणले हिमाली क्षेत्रका सांस्कृतिक अन्तरसम्बन्धको झल्कोसमेत दिन्छ। एकपटक धामीसँग परामर्श गरेका मानिसहरू पटकपटक मष्टा माणु फर्केर आउने गर्छन् जसले समुदायमा धामी र देवताप्रतिको विश्वासको गहिराइ देखाउँछ।

धामी हुन भने सहज छैन। कुनै व्यक्तिले इच्छा गर्दैमा देवताको गद्दीमा बस्न सक्दैन। समुदायले लामो परीक्षण र प्रश्नोत्तरपछि मात्र कसैलाई धामीका रूपमा स्वीकार गर्ने परम्परा पाइन्छ। कतिपय मष्टो परम्परामा धामीले असाधारण शारीरिक सहनशक्ति वा साहस प्रदर्शन गर्नुपर्छ। ढँडार मष्टोमा देवता अवतरित भएको प्रमाणस्वरूप धामीले बलिका लागि ल्याइएको बोकाको घाँटी दाँतले छिनाल्नुपर्ने परम्परा छ।

यस सम्बन्धमा ढँडारमा एउटा जनविश्वास प्रचलित छ। सिङ्गारु बम्म नाम गरेका सुवाकोटी राजाले धामीमा साँच्चिकै देवताको अवतार हुन्छ कि हुँदैन भन्ने परीक्षण गर्न बलिका लागि ल्याइएको बोकाको घाँटीमा फलामको मोटो खिल लगाई भोग गर्ने कोठा अर्थात् गबिरमा पठाएका थिए। देवता अवतरित भएको अवस्थामा धामीले दाँतले फलामसहित बोकाको घाँटी छिनाली दिएको र त्यसपछि धामीको शक्तिप्रति अविश्वास देखाएका राजाको वंशमा ठूलो क्षति पुगेको किंवदन्ति छ। यस प्रसङ्ग स्थानीय लोकविश्वासका रूपमा बुझ्नु उपयुक्त हुन्छ।

कर्णालीको लोक संस्कृति को तेस्रो खण्डमा पनि मष्टो धामी छनोटसँग सम्बन्धित यस्तै रोचक प्रसङ्ग उल्लेख भएको छ। बाबिरा मष्टाका एक प्रतिष्ठित धामीको निधनपछि धेरै व्यक्तिले आफूमा 'देवता चढेको' दाबी गरे पनि समुदायले लामो परीक्षण र प्रश्नोत्तरपछि वास्तविक उत्तराधिकारी पहिचान गरेको बताइन्छ। यस अर्थमा धामीको भूमिका व्यक्तिगत दाबीभन्दा सामुदायिक स्वीकृतिसँग जोडिएको संस्था हो। त्यसैले कतिपय अवस्थामा माणु लामो समयसम्म धामीविहीन रहन सक्छ।

धामी नभएको अवस्थामा पनि भक्तजनहरू माणुमा गई एकतर्फीरूपमा आफ्ना गुनासा सुनाउने, आशिष माग्ने र भाका कबोल गर्ने गर्छन्। केही ठाउँमा मूल धामी नभए पनि माणुमा रहेका लाकुणालगायत अन्य धामीसँग दोहोरो संवाद गर्न सकिने परम्परा रहेको पाइन्छ। धामी, माणु र देवपरामर्शको यो संस्थागत स्वरूपले मष्टोको उत्पत्ति र इतिहासतर्फ पनि ध्यान खिच्छ।

**उत्पत्ति, इतिहास र खस सभ्यतासँगको सम्बन्ध**

मष्टो देवताको उत्पत्तिबारे विभिन्न लोककथा प्रचलित छन्। एउटा व्यापक विश्वासअनुसार मण्डान्ली माता र स्वर्गका राजा इन्द्रबाट मष्टोको जन्म भएको हो। यसको उद्गमस्थल हालको बझाङको मष्टा गाउँपालिकाअन्तर्गत पर्ने ढँडारलाई मानिन्छ। फ्रान्सेली सांस्कृतिक मानवशास्त्री मार्क गाबोरियोले पश्चिम नेपालको मष्टो परम्पराबारे महत्त्वपूर्ण अध्ययन गरेका छन्। उनको "नोट प्रेलिमिनेर सुर ले दियु मास्ता' (मस्ता देवताबारे प्रारम्भिक टिप्पणी) नामक अध्ययन सन् १९६९ मा प्रकाशित भएको थियो र त्यसमा पश्चिम नेपालको दैलेख जुम्ला क्षेत्रका मष्टो परम्परा, धामी, पूजा र देवतासँगको सम्बन्धबारे चर्चा गरिएको छ।

ढँडारमा गाइने एउटा मागलमा मष्टाका सोह्र बहिनी दुर्गा भनिएको छ भने अन्य स्रोतमा नौ दुर्गाको उल्लेख पाइन्छ। मष्टाका विभिन्न स्वरूप अर्थात् भाइहरू विभिन्न स्थानमा विराजमान रहेको विश्वास पनि छ जसको संख्या स्रोत र क्षेत्रअनुसार फरक पाइन्छ। यसले मष्टाका भाइबहिनीको एउटै 'आधिकारिक' सूचीभन्दा क्षेत्रीय परम्पराअनुसार फरक कथ्य रहेको देखाउँछ। मष्टाका आदेश कार्यान्वयन गर्ने 'वाहन' वा सहायक शक्तिहरू रहेको विश्वास गरिन्छ। स्थानीय देवताहरूसँग मामाभाञ्जा, दाजुभाइजस्ता नातागत सम्बन्धसमेत स्थापित गरिएको पाइन्छ। यसले हिमाली समाजले आफ्ना देवताहरूलाई पनि मानवीय सामाजिक संरचनाभित्र कल्पना गरेको देखाउँछ।

मष्टो कुनै मूर्ति भएको देवता होइन। यसको उपस्थिति धामी, माणु, थान र सामुदायिक अनुष्ठानमार्फत अनुभव गरिन्छ। त्यसैले मष्टो परम्पराको केन्द्रमा मूर्तिभन्दा जीवित सांस्कृतिक अभ्यास र सामुदायिक विश्वास रहेको देखिन्छ। मष्टो पूजाका स्वरूप पनि फरक फरक छन्। कतिपय स्थानमा 'दूधे मष्टो'लाई प्रत्येक आइतबार र बुधबार दूध अर्पण गरिन्छ भने 'दाह्रे मष्टो'लाई निश्चित तिथि, बार वा अवसर हेरी बलि चढाइन्छ। पूजा विधिमा दूध, चामल, धूप, बलि तथा स्थानीय उत्पादन प्रयोग हुन्छन्। मष्टो पूजकहरूले नयाँ बाली भित्र्याउँदा देवताका लागि 'न्वागी' छुट्याउने चलन छ। कुनै पनि शुभकार्य गर्दा मष्टोका नाममा भेटी राख्ने परम्परासमेत पाइन्छ।

मष्टोको थानमा लखे (लक्ष) होम वा अन्य ठूलो पूजा हुँदा प्रायः कुल वा वंशका सदस्यहरूले सामूहिक रूपमा सम्पन्न गर्छन्। यस अवसरमा टाढा बसाइँ सरेका परिवार गाउँ फर्कन्छन्, आफन्तबीच भेटघाट हुन्छ, सामूहिक भोजन गरिन्छ र सामाजिक सम्बन्ध पुनः सुदृढ हुन्छन्। यस अर्थमा मष्टो पूजा धार्मिक अनुष्ठानमात्र नभई सामाजिक एकता कायम गर्ने महत्त्वपूर्ण सांस्कृतिक संस्था पनि भएको देखिन्छ।

धामीमार्फत व्यक्त हुने देवताको 'वाणी'लाई समुदायले गम्भीरतापूर्वक लिने गर्छ। गाउँका विवाद, सम्पत्तिका झगडा, पारिवारिक असमझदारी वा सामाजिक तनाव समाधान गर्न पनि देवताको सल्लाह लिने चलन छ। यस अर्थमा मष्टो परम्पराले स्थानीय स्तरमा वैकल्पिक विवाद समाधानको भूमिका पनि निर्वाह गरेको देखिन्छ। कतिपय क्षेत्रमा देवताको अनुमतिविना वन फँडानी गर्न वा पानीका मुहान बिगार्न नहुने विश्वास छ जसले वातावरण संरक्षणका लागि सांस्कृतिक आधार निर्माण गरेको हुन सक्छ।

**खस सभ्यतासँगको ऐतिहासिक सम्बन्ध**

ऐतिहासिक दृष्टिले मष्टो परम्परा खस सभ्यतासँग गहिरोसँग जोडिएको देखिन्छ। नेपालको मध्यकालीन इतिहासमा सिंजा केन्द्रित खस मल्लहरूको राज्य पश्चिम नेपालको महत्त्वपूर्ण राजनीतिक शक्ति थियो। खस साम्राज्यको इतिहासबारे सूर्यमणि अधिकारीका अध्ययनहरू प्रकाशित छन्। खस राज्यमा मष्टोलाई कुलदेवता वा क्षेत्ररक्षकका रूपमा पूजिने गरेको दाबी विभिन्न अध्ययन र स्थानीय परम्परामा पाइन्छ। खस राज्यको विघटनपछि पनि बझाङलगायतका विभिन्न राजारजौटाले मष्टोलाई कुलदेवताका रूपमा मान्दै आएका छन्। यस सम्बन्धमा थप अभिलेखीय र ऐतिहासिक अनुसन्धान आवश्यक छ।

ढँडार मष्टा माणुको निर्माण मध्यकालीन अवधिसँग जोडिन्छ। मष्टा माणुका तत्कालीन पुजारीलाई प्रदान गरिएका ताम्रपत्रमध्ये एउटा वि.सं. १२५४ र अर्को वि.सं. १३३४ को रहेको उल्लेख छ। तर यी अभिलेखको मूल प्रति वा आधिकारिक अभिलेखीय विवरण सार्वजनिकरूपमा सहजै उपलब्ध नभएकाले प्रकाशनअघि सम्बन्धित अभिलेखसँग मिति र विवरण भिडाउनु आवश्यक छ। विशेषतः वि.सं. १३३४ को ताम्रपत्रलाई काँक्रेबिहारको वि.सं. १३२५ को निर्माणभन्दा अघिको संरचना प्रमाणित गर्ने आधार बनाउन मिल्दैन। त्यसैले ढँडार मष्टा माणु काँक्रेबिहारभन्दा पुरानो हो भन्ने निष्कर्षलाई अहिलेको अवस्थामा निश्चित ऐतिहासिक तथ्यभन्दा अनुसन्धानयोग्य दाबीका रूपमा राख्नु उपयुक्त हुन्छ।

ढँडार मष्टा माणुमुनि शितला र भातेखोलामा निर्माण गरिएका धारा तथा शितलादेखि मष्टा माणुसम्मका खुड्किलामा प्रयोग भएका ढुङ्गाको बनोट शैली र काँक्रेबिहार तथा त्यही समयका जुम्लादेखि क्षेत्रका माणु र मुङ्ग्राहरूको वास्तुकलाबीच सामिप्य पाइन्छ। यस विषयमा पनि थप पुरातात्त्विक अध्ययन आवश्यक छ।

**धार्मिक पर्यटनको सम्भावना**

ढँडार मष्टा माणु धार्मिक गन्तव्यमात्र नभएर मध्यकालीन इतिहासको अध्ययन, मष्टो संस्कृति र परम्पराको अनुभव तथा धार्मिक पर्यटनलाई प्रकृति र सांस्कृतिक सम्पदासँग जोड्ने महत्त्वपूर्ण आधार बन्न सक्छ। खस मल्लकालीन ८४ करदरामध्ये उदुम्बरपुरी मष्टा माणुको नजिकै कोटदेवलमा अवस्थित रहेको बताइन्छ। सेती

–बाँकी तीन पेजमा

## मष्टो संस्कृति : ...

नदीको किनारमा तातोपानीको मूल अर्थात् तपोबन पनि नजिकै छ। मष्टा माणुबाट अपि, सैपाल हिमाल र तिब्बततर्फका हिमाली भूभाग देख्न सकिने भएकाले यस क्षेत्रको प्राकृतिक आकर्षण पनि उत्तिकै महत्त्वपूर्ण छ।

मष्टा माणुलाई केन्द्रमा राखेर खप्तड, सुर्मा र अन्य गन्तव्यलाई जोड्दै बृहत्तर पदयात्रा मार्ग, ध्यान तथा योग केन्द्र, अनुसन्धान केन्द्र र आवश्यक पर्यटन पूर्वाधार विकास गर्न सकियो भने राष्ट्रियमात्र होइन अन्तर्राष्ट्रिय पर्यटकसमेत आकर्षित गर्न सकिन्छ। विशेषगरी भारतको उत्तराखण्ड क्षेत्रमा मष्टो परम्परासँग सांस्कृतिक सम्बन्ध राख्ने समुदायसँग पर्यटन र सांस्कृतिक आदानप्रदानको सम्भावना खोज्न सकिन्छ। तर सम्भावना मात्र पर्याप्त हुँदैन। योजनाबद्ध अध्ययन, पूर्वाधार विकास, अभिलेखीकरण, प्रचारप्रसार र स्थानीय समुदायको सहभागितासहितको दीर्घकालीन योजना आवश्यक हुन्छ।

**संरक्षणको चुनौती र सम्भावना**

आजको तीव्र बसाइँसराइ र पुस्तान्तरणसँगै मष्टो परम्परा चुनौतीमा परेको छ। युवा पुस्ताले गाउँ छाड्दै जाँदा मौखिक परम्परा कमजोर हुँदै गएको छ। धामी र पुजारीको संख्या घट्दै गएको स्थानीय अनुभव छ। मष्टोको उद्गमस्थलका रूपमा मानिने ढँडार मष्टा माणु पनि संरक्षणको पर्खाइमा छ। केही सकारात्मक प्रयास पनि भइरहेका छन्। मष्टा गाउँपालिकाले ढँडार मष्टा माडु पुनर्निर्माणसम्बन्धी प्रक्रिया अघि बढाएको आधिकारिक सूचना प्रकाशित गरेको छ। यसले सम्पदाको संरक्षणतर्फ स्थानीय तहको चासो बढेको संकेत गर्छ।

आधुनिक शिक्षित पुस्तामा आफ्नै मौलिक संस्कृतिप्रति पुनः चासो बढिरहेको छ। सांस्कृतिक पर्यटनको सम्भावना बारे पनि चर्चा हुन थालेको छ। यस अवसरलाई संरक्षणसँग जोड्न सकियो भने मष्टो परम्परा स्थानीय धार्मिक अभ्यासमा मात्र सीमित नरही नेपालको अमूर्त सांस्कृतिक सम्पदाको महत्त्वपूर्ण अंशका रूपमा स्थापित हुन सक्छ। मष्टो परम्पराको संरक्षण एउटा धार्मिक परम्पराको संरक्षणमात्र होइन। यो नेपालको मध्यकालीन इतिहासको जीवित स्मृति, मौखिक ज्ञान, सामाजिक संस्था र सांस्कृतिक विविधताको संरक्षण पनि हो। यसले सुदूरपश्चिमको आर्थिक सम्भावनाको ढोका खोल्नसमेत योगदान पुऱ्याउन सक्छ।

योजनाबद्ध पर्यटन विकासले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउँछ। पर्यटन व्यवसायी, होटल सञ्चालक, हस्तकला निर्माता, सांस्कृतिक कलाकार र सेवा प्रदायकका लागि रोजगारी सिर्जना हुन सक्छ। स्थानीय खाद्य परिकार, जैविक कृषि उपज र हस्तकला सामग्रीले नयाँ बजार पाउन सक्छन्। त्यसैले मष्टो संस्कृतिको अध्ययन, अभिलेखीकरण र संरक्षण स्थानीय समुदाय, शैक्षिक संस्था र राज्य सबैको साझा दायित्व हो। ढँडार मष्टा माणुलाई धार्मिक स्थलका रूपमामात्र होइन मध्यकालीन इतिहास, जीवित लोकसंस्कृति र भविष्यको सांस्कृतिक पर्यटनलाई जोड्ने सम्पदाका रूपमा हेर्नु आवश्यक छ।बाझखरीबाट

## सिरहामा प्रहरीकै ...

थियो भन्ने विषयमा अन्योल देखिएपछि समितिमा नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशालामा कार्यरत दुई अधिकारीलाई थपिएको थियो। ब्यालेस्टिक र फरेन्सिक जाँच गर्ने गरी प्रहरी निरीक्षक दीपेश अवस्थी र प्रहरी उपरीक्षक (एसपी) मनोहरसिंह धामीलाई जिम्मेवारी दिइएको थियो । त्यसअघि समितिमा नेपाल प्रहरीका एसपी मोहनकुमार थापा, सशस्त्र प्रहरीका एसपी नरेश भण्डारी, प्रहरीको केन्द्रीय विधि विज्ञान प्रयोगशालाका डीएसपी पवनकुमार ढुंगाना र गृह मन्त्रालयका उपसचिव कुलशेखर अर्याल सदस्य थिए।

छानबिन समितिका अधिकारीहरू कारबाहीमा परिने डरका कारण समेत प्रहरी अधिकारीले सुरुवातमा जिम्मेवारी नलिएको हुन सक्ने बताउँछन्। प्रतिवेदनमा त्यसदिन पेस्तोल बोक्ने अधिकारीहरूलाई कारबाही गर्न समेत सिफारिस गरिएको छ। तर, कस्तो किसिमको कारबाही गर्ने भन्ने चाहिँ बताइएको छैन।

प्रतिवेदनमा आगामी दिनमा सोही प्रकृतिको घटना दोहोरिन नदिने के गर्ने भन्नेबारे समेत सुझाव दिइएको छ। सुनसरी र सिराहा दुवै घटनाको जाँचबुझ समितिले भिड नियन्त्रणमा गैरघातक हतियार प्रयोगलाई अनिवार्य गर्नुपर्ने सुझाव दिएका छन्। आगामी दिनमा गोली चलाउने निर्णय गर्ने अधिकारसमेत फिल्ड कमान्डरलाई नै दिनुपर्ने भनिएको छ। 'प्रमुख जिल्ला अधिकारीलाई त्यो अधिकार भए पनि फिल्डमा निस्किने गरेको नदेखिँदा समन्वयमा कठिनाइ भएको देखिन्छ,' एक सदस्यले भने, 'त्यसैले प्रहरीलाई नै जिम्मेवार बनाउन सुझाव दिएका छौं।' प्रहरी र सशस्त्र प्रहरीको जिम्मेवारीसमेत स्पष्ट गर्न प्रतिवेदनमा सुझाव दिइएको छ।

सुनसरीको देवानगन्ज–४ मा १० साउनको राति दुई समुदायबीच भएको झडपलाई साम्य बनाउन गएको प्रहरी टोली आफैं आक्रमणमा परेर फर्किएको थियो। त्यसपछि पुगेको सशस्त्र प्रहरीको टोलीले '२० राउन्ड फायर' गर्दा ३० वर्षीय ओमप्रकाश मेहताको ज्यान गएको थियो। ९ स्थानीय घाइते भएका थिए। उपचारका क्रममा थप दुई जनाको मृत्यु भएको थियो।

स्थानीय प्रशासन ऐन, २०२८ ले शान्ति सुरक्षा कायम हुन नसक्ने अन्तिम विकल्पमा मात्र सुरक्षाकर्मीले गोली चलाउन सक्ने भनेको छ। गोली चलाउनुपर्ने आवश्यकता भए त्यसअघि भीडलाई स्पष्टसँग चेतावनी दिनुपर्ने भनिएको छ। तर, घातक हतियार प्रयोग गर्दा ज्यान गएपछि मधेशभरि तनाव फैलिएको थियो। पछि गृहमन्त्री सुधन गुरुङ स्वयम् पीडित पक्षसँग वार्ताका लागि मधेश गएपछि स्थिति साम्य बन्दै गएको थियो।

## थोक बिक्रीस्थल ...

अनुसार आँपको खुद्रा व्यापारले स्थानीय हाटबजार अव्यवस्थित हुनुका साथै नोक्सानीको जोखिम पनि बढी हुने भएकाले थोक बिक्री केन्द्रको माग गरिएको हो। त्यसका लागि स्थानीय सरकारसँगै प्रदेश र संघीय सरकार जिम्मेबार बन्नुपर्ने उनले बताए।

**'बगैंचा खनजोतमा साझेदारी'**

पछिल्लो आँपको सिजनदेखि डिजेलमा भएको मूल्यवृद्धिको कारणले बगैंचा ठेक्का लिएका व्यवसायीको स्वयं लगानीमा गर्दै आएको खनजोत आउने मौसममा आर्थिक रूपले नसक्ने अवस्थामा पुगेको उनीहरूको गुनासो छ। बगैंचा लगाएका सम्बन्धित किसानले नै खनजोत गर्नुपर्ने, त्यति गर्न नसक्ने हो भने पनि ट्याक्टर लगाएर जोत्दा कम्तीमा ५० प्रतिशत लागत साझेदारी गर्नुपर्ने आफूहरूको अडान रहेको कोषाध्यक्ष सन्तोष पूर्वेले बताए।

प्रायः हरेक वर्ष माघ महिनादेखि आँप फुल्न थालेदेखि नै व्यापारीहरूले सम्बन्धित किसानसँग लिखित, मौखिक करार सम्झौता गरी सिंगो बगैंचा नै ठेक्का लिएर खनजोत, सिँचाइ, हेरचाहलगायतका काम गर्दै आएको उनले बताए। 'इन्धनमा भएको चर्को मूल्यवृद्धिले विगतमा जोताइमा पाँच हजार लाग्ने बगैंचामा दोब्बर बढी १० हजारसम्म लाग्छ,' उनले भने, 'आँप टिपेपछि अन्यत्र निकासी गर्दा ढुवानी खर्च पनि बढेकाले व्यापारीहरू पनि आर्थिक समस्यामा परेका छन्।'

**१० हजार हेक्टरमा आँपखेती**

कृषि ज्ञान केन्द्र सिराहाका अनुसार विशेषगरी पूर्व–पश्चिम लोकमार्गदेखि उत्तर कर्जन्हा, मिर्चैया, गोलबजार, धनगढीमाई र लहान क्षेत्रमा गरी १० हजार ५० हेक्टर जग्गामा आँप बगैंचा रहेको छ। 'त्यसमध्ये नौ हजार ५० हेक्टर क्षेत्रफलमा आँप उत्पदान भइरहेको छ,' केन्द्रका सूचना अधिकारी सुदीप खनालले भने।

उनका अनुसार पछिल्लो आर्थिक वर्ष ०८२/८३ मा जिल्लामा ७२ हजार चार सय मेट्रिक टन आँप उत्पादन भएको थियो। उनका अनुसार सिराहामा उत्पादन गरिएको आँप संघीय राजधानी काठमाडौंसहित मुलुकका विभिन्न मुख्य सहरहरूमा बिक्रीका लागि पठाउने गरिन्छ।

वर्षको एकपल्ट मिहिनेत गर्दा राम्रो आम्दानी हुने भएकाले मधेश प्रदेश सरकारले आर्थिक वर्ष ०८३/८४ मा आँपखेतीको प्रवर्द्धन र विस्तारका लागि आँपको नयाँ बगैंचा स्थापना, पुरानो बगैंचा व्यवस्थापन र स्तरोन्नति, आँपको नर्सरी स्थापना र पूर्व–पश्चिम लोकमार्ग क्षेत्र हुँदै ओहोरदोहोर गर्नेहरूलाई लक्षित गरी भौतिक संरचना निर्माण गरी आँप बिक्रीका लागि कोसेली घर सञ्चालन गर्ने कार्यक्रम ल्याएको केन्द्रले जनाएको छ।


विद्यालयको कोड नं १६०३६०००४

# श्री सरस्वती आधारभूत विद्यालय

लहान न.पा.–२३, गढिया

लहान, मधेश प्रदेश

स्थापना : २०५०

**विज्ञापन सम्बन्धमा**

मिति : २०८३/०५/०२

प्रस्तुत सन्दर्भमा लहान नगरपालिकाको प.सं. २०८३/०८३ च.नं.४७०, मिति २०८३/०५/०१ गतेको प्राप्त अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०५/०२ गतेको निर्णय अनुसार श्री सरस्वती आधारभूत विद्यालय गढिया लहान २३ सिरहामा रिक्त रहेको विद्यालय सहयोगी (का.स.) पदमा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिहरुबाट तपसिल बमोजिम सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त पेश गर्नु हुन् सम्बन्धित सबैको लागि यो विज्ञापन प्रकाशन गरिएको व्यहोरा जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | तह/श्रेणी | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | नियुक्तिको किसिम |
|---|---|---|---|---|---|---|
| १ | ०१/२०८३/०८४ | विद्यालय सहयोगी (का.स.) | श्रेणी विहिन | १ (एक) | साधारण लेखपढ | अस्थायी करार |

१. तलब स्केल : प्रचलित नियमानुसार।
२. परीक्षाको किसिम : लिखित, मौखिक र प्रयोगात्मक
३. परीक्षा हुने मिति र स्थान : सम्पर्क मितिको दिन तोकिनेछ।
४. आवेदन दस्तुर रु.५००।– (नेपाल बैंक लिमिटेड शाखा लहानमा रहेको विद्यालयको चल्ती खाता नं. ०३६००१०६४५१२९६००००१ मा बैंक दाखिला गर्नुपर्ने)
५. दरखास्त दिने अन्तिम मिति : २०८३/०५/१६ सम्म
६. सम्पर्क मिति : २०८३/०५/१८
७. दरखास्त पेश गर्ने स्थान र समय : विद्यालयमा बिदाको दिन बाहेक १०:०० बजे देखि ४:०० बजे सम्म।
८. उम्मेदवारको उमेर हद : दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।
९. निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः
(क) हस्तलिखित निवेदन १ प्रति।
(ख) नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपी १ प्रति
(ग) राष्ट्रिय परिचयपत्रको प्रतिलिपी १ प्रति
(घ) शैक्षिक योग्यता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी १/१ प्रति
(ङ) निरोगिता प्रमाणपत्र १ प्रति (हालसालै अधिकारिक चिकित्सकबाट प्रमाणित भएको हुनुपर्ने)
(च) हालसालै खिचिएको पासपोर्ट साइजको रंगिन फोटो २ प्रति
(छ) बैंकमा दस्तुर जम्मा गरेको भौचरको सक्क प्रति
१०. विज्ञापन सम्बन्धी थप जानकारीका लागि :

- दरखास्त दिन योग्य मानिने थप अवस्था : असल आचरण, मानसिक सन्तुलन र शारीरिक अवस्था ठीक भएको र कुनै किसिमको कडा रोग नलागेको स्वस्थ व्यक्तिलाई आवेदनका लागि योग्य मानिनेछ।
- रीतपूर्वक पेश नभएको निवेदन उपर कुनै कार्यवही गरिनेछ छैन।
- सम्पर्क नं. : ९८०७७७५०८८, ९८६२८२३३२७

महेश प्रसाद महतो
प्रधानाध्याप


# उच्च अदालत वीरगन्जको स्कारपियो दुर्घटना, छ जना घाइते

**अनिल पराजुली**

हेटौँडा, २ भदौ। हेटौँडा–काठमाडौँ सडकखण्ड अन्तर्गत मकवानपुरको भीमफेदी गाउँपालिका–६ जुरीखेतमा उच्च अदालत वीरगन्ज, पर्साको स्कारपियो दुर्घटना हुँदा छ जना घाइते भएका छन्। मंगलबार बिहान करिब ७ बजे काठमाडौँबाट वीरगन्जतर्फ आउँदै गरेको प्रदेश ३–०१–००२ झ ५१८३ नम्बरको स्कारपियो अनियन्त्रित भई सडकबाट करिब ६० मिटर तल खोल्सामा खसेर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

दुर्घटनामा उच्च अदालत वीरगन्जका मुख्य न्यायाधीश, रजिस्ट्रार र चालकसहित छ जना सवार रहेको प्रहरीले जनाएको छ। दुर्घटनामा दुई महिला र चार पुरुष घाइते भएका छन्। घाइतेमध्ये एक महिलाको अवस्था गम्भीर र अन्य पाँच जनाको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ। दुर्घटनाको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय भीमफेदीबाट ट्राफिक प्रहरीसहित सात जनाको टोली घटनास्थलमा पुगेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिनुभयो।

प्रहरीले घाइतेको उद्धार गरी उपचारका लागि भीमफेदी अस्पताल पठाएको थियो। थप उपचारका लागि सुविधासम्पन्न अस्पताल लैजाने तयारी भइरहेको उहाँले बताउनुभयो।

दुर्घटनामा घाइते हुनेहरूको पूर्ण विवरण भने खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ। घटनास्थलमा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीको टोलीसमेत पुगेको थियो। दुर्घटनामा परेको स्कारपियो घटनास्थलमै रहे पनि सडकमा यातायात भने सुचारु रहेको प्रहरीले जनाएको छ। दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

# गाँजासहित दुई महिला र अटोचालक पक्राउ

सर्लाही, २ भदौ। प्रहरीले महेन्द्र राजमार्गस्थित सर्लाहीको लालबन्दी नगरपालिका –१, नवलपुरबाट लागुऔषध गाँजासहित दुई महिला र एक अटो चालकलाई पक्राउ गरेको छ। लागुऔषध प्रभावित क्षेत्रको रुपमा परिचित हरिवन नगरपालिकाको डाबरीबाट मधेश प्रदेश ०३००१ ह २४४५ नम्वरको अटोमा लागुऔषध गाँजा लिएर लालबन्दीतर्फ आउँदै गर्दा तीन जना पक्राउ परेका हुन्। प्रहरीले अटोचालक हरिवन नगरपालिका घुर्कौली बस्ने ३० वर्षीय सुशील साह, अटोमा सवार महिलाहरु २५ वर्षीया जगतारण साह र २५ वर्षकै राधिका साहलाई पक्राउ गरेको हो। उनीहरुले अटोमा हालेर ल्याउँदै गरिएको पाँच वटा पोकामा रहेको २२ किलो ८२० ग्राम गाँजा बरामद भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डिएसपी वेदप्रसाद गौतमले जानकारी दिनुभयो। गाँजासहित पक्राउ परेका तीनै जनालाई इलाका प्रहरी कार्यालय लालबन्दीको हिरासतमा राखी थप अनुसन्धान भइरहेको डिएसपी गौतमले बताउनुभयो।

# मधेस प्रदेशको अर्थ मन्त्रालयमा ३२ प्रतिशत दरबन्दी कटौती, अन्य मन्त्रालयले पनि घटाउने

जनकपुरधाम, २ भदौ । विगतमा आर्थिक बेथितिको आलोचना खेप्दै आएको मधेस प्रदेशमा मन्त्रालयको संख्या घटाउनेदेखि कर्मचारीको दरबन्दी कटौती लगायतको प्रशासनिक सुधारका काम अघि बढाइएको छ । यस क्रममा प्रदेशको अर्थ मन्त्रालयले ३२ प्रतिशत दरबन्दी कटौती गरेको छ । आर्थिक अनुशासन कायम गर्न नसकेको जनगुनासो बढिरहेको बेला प्रदेश सरकारले वित्तीय सुशासन र प्रशासनिक सुधारका कार्यहरू तीव्र रूपमा अघि बढाएको हो ।

मन्त्रालयले आर्थिक अनुशासन कायम गर्न र प्रदेशको सीमित स्रोत–साधनको फजुल खर्च रोक्न ठोस कदम चाल्न सुरु गरिएको जनाएको छ । आर्थिक वर्षको अन्त्यमा हुने अन्धाधुन्द रकमान्तरको परिपाटीलाई पूर्ण रूपमा रोकेर सकारात्मक चर्चा कमाएको अर्थ मन्त्रालयले आफ्नो आन्तरिक दरबन्दी संरचनाको पुनरवलोकन गर्दै प्रशासनिक सुधार गरेको हो ।

सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत सरकारी निकायहरूमा




न्यूनतम १५ प्रतिशत कर्मचारी दरबन्दी घटाउने नीति अघि सारेको छ । यस क्रममा अर्थ मन्त्रालयले अरूलाई निर्देशन दिनुअघि आफैँबाट सुधारको थालनी गर्दै आफ्नै मन्त्रालयको करिब ३२ प्रतिशत कर्मचारी दरबन्दी कटौती गरेको अर्थमन्त्री युवराज भट्टराईले बताए । उनका अनुसार यस निर्णयबाट मधेस प्रदेश सरकारको ठुलो रकम बचत हुनुका साथै मन्त्रालयको संरचना अझ छरितो, छिटो र कार्यकुशल हुने अपेक्षा गरिएको छ ।

मन्त्री भट्टराईले मन्त्रालयको वास्तविक कार्यबोझ भन्दा कर्मचारीको दरबन्दी अत्यधिक रहेकोले कटौती गरेको बताए । 'एकातिर प्रदेशसँग साधन–स्रोतको कमी रहेको र अर्कातिर विगतमा बिनाआधार अन्धाधुन्द दरबन्दी सिर्जना गरिएको छ', उनले भने, 'काम गर्न चाहने कर्मचारीलाई समेत पर्याप्त कार्यभार दिने अवस्था नरहेकाले सुधारको सुरुवात आफ्नै मन्त्रालयबाट गरेको छु । विगतका आर्थिक बेथितिहरूलाई एक–एक गरी पहिचान गर्दै पूर्ण रूपमा सुधार गर्दै लैजाने लक्ष्य मन्त्रालयले लिएको छ ।'

मन्त्रालयका अनुसार सुधारको यो शृंखला अर्थ मन्त्रालयमा मात्र सीमित नभई अब प्रदेशका सम्पूर्ण निकायहरूमा विस्तार गरिने भएको छ । जसअनुसार सबै निकायले छिट्टै संगठन तथा व्यवस्थापन ( ओएण्डएम) सर्भे पूरा गरी कम्तीमा १५ प्रतिशत कर्मचारी दरबन्दी कटौती गर्नुपर्ने साथै प्रदेश सरकारको प्रशासनिक बोझ घटाउन छिटै मन्त्रालयहरूको संख्या घटाउने र अनावश्यक संरचनाहरूलाई खारेज वा मर्ज गर्ने तयारी अन्तिम चरणमा पुऱ्याएको जनाएको छ ।

# महोत्तरीमा १३ प्रतिशत धानखेत बाँझै



**रवीन्द्र उप्रेती**

बर्दिबास, २ भदौ । पर्याप्त मनसुनी वर्षा नहुँदा भदौ लागिसक्दा पनि महोत्तरीमा धान रोपाइँले अपेक्षित गति लिन सकेको छैन । पानी अभावका कारण धानखेतमा चिरा परेका छन् । जिल्लाको कुल ४० हजार हेक्टर धानखेतीयोग्य क्षेत्रमध्ये साउन महिनासम्म ३४ हजार ७२१ हेक्टरमा मात्र रोपाइँ भएको कृषि ज्ञान केन्द्र, महोत्तरीले जनाएको छ ।

केन्द्रका सूचना अधिकारी अविरल कुशवाहाका अनुसार अझै पाँच हजार २७९ हेक्टर अर्थात् १३ दशमलव २० प्रतिशत क्षेत्रफलमा रोपाइँ हुन सकेको छैन । जिल्लाको उत्तरी क्षेत्रमा सामान्य वर्षा भए पनि सबैभन्दा बढी धानखेती हुने दक्षिणी भेगमा पर्याप्त पानी नपर्दा रोपाइँ प्रभावित भएको हो । गत वर्ष पनि वर्षा अभावका कारण महोत्तरीको २४ दशमलव ६६ प्रतिशत धानखेतीयोग्य जमिन बाँझै रहेको थियो । मौसम अनुकूल नहुँदा यस वर्षसमेत धान उत्पादनमा गिरावट आउन सक्ने किसान तथा कृषि प्राविधिकहरूले बताएका छन् ।

जिल्लाका १५ वटै स्थानीय तहमा शतप्रतिशत रोपाइँ हुन सकेको छैन । साउन महिनासम्म बर्दिबास र औरही नगरपालिकामा सबैभन्दा बढी ९८ प्रतिशत रोपाइँ भएको छ । गौशाला, सम्सी र लोहरपट्टीमा ९५ प्रतिशत, पिपरा गाउँपालिकामा ९२ प्रतिशत तथा रामगोपालपुर, भंगाहा, सीतापुर, महोत्तरी र बलवा नगरपालिकामा ९० प्रतिशत रोपाइँ भएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

सबैभन्दा कम रोपाइँ मनरासिसवा नगरपालिकामा भएको छ । त्यहाँ कुल दुई हजार ५४५ हेक्टर धानखेतीयोग्य क्षेत्रफलमध्ये करिब ५५ प्रतिशतमा मात्र रोपाइँ भएको छ । किसानका अनुसार अहिलेसम्म भएको अधिकांश रोपाइँ महँगो बोरिङको पानीबाट गरिएको हो । गत वर्षदेखि पर्याप्त वर्षा नहुँदा दक्षिणी भेगका इनार तथा सिँचाइका बोरिङमा पानीको सतह घट्दै गएको छ । चुरे क्षेत्रबाट बग्ने खोलामा समेत सामान्य बाढी मात्र आएकाले त्यसको पानी दक्षिणी भेगसम्म पुग्न नपाई बीचमै सुक्ने गरेको किसानको भनाइ छ ।

यसको प्रत्यक्ष असर कुलो तथा प्राकृतिक सिँचाइ प्रणालीमा परेको छ । सिँचाइको भरपर्दो व्यवस्था नहुँदा साउन बितिसक्दा पनि ठूलो क्षेत्रफलको खेत बाँझै रहेको किसानले बताएका छन् । समयमै रोपाइँ हुन नसक्दा धानको उत्पादन घट्ने, उत्पादन लागत बढ्ने र खाद्य सुरक्षामा चुनौती थपिने जोखिम रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ । सूचना अधिकारी कुशवाहाका अनुसार अब वर्षा भए पनि बाँकी सबै क्षेत्रमा रोपाइँ हुने सम्भावना कम छ ।

यद्यपि दक्षिणी भेगमा मङ्सिरे धानको 'खाउर' लगाउने समय भदौ दोस्रो सातासम्म रहेकाले यसबिच पर्याप्त वर्षा भए बाँकी खेतमा रोपाइँ गर्न सकिने किसानले बताएका छन् । सीमावर्ती सम्सी गाउँपालिका–७ का युवा कृषक नरेश यादवले आफ्नो पाँच बिघा खेतमध्ये दुई बिघामा मात्र रोपाइँ गर्न सकेको बताउनुभयो । गाउँका बोरिङसमेत सुक्दै गएको र विद्युत् सेवा नियमित नहुँदा पानी भएका बोरिङबाट समेत भरपर्दो सिँचाइ गर्न नसकिएको उहाँको भनाइ छ ।

"खाउर रोप्ने समय बाँकी रहेकाले अझै वर्षाको आसमा छौँ । भदौमा पनि पानी परेन भने रोपाइँ गरिएका खेतबाट पनि उत्पादन हुने अवस्था देखिँदैन," यादवले भन्नुभयो ।

# रेबिजविरुद्धको खोपमा कालोबजारीको आरोप




**नागेन्द्रकुमार कर्ण**

महोत्तरी, २ भदौ । महोत्तरीको जलेश्वर नगरपालिका–२ का सिद्धार्थ साहको घरपालुवा कुकुरलाई सडकमा रहेको भुस्याहा कुकुरले टोकेपछि रेबिजविरुद्धको खोप लगाउन उहाँ साउन २९ गते भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र महोत्तरी पुग्नुभयो । तर कार्यालयका कर्मचारी तथा चिकित्सकले अस्पतालमा रेबिजविरुद्धको खोप उपलब्ध नभएको भन्दै बाहिरबाट खरिद गरेर ल्याउन भनेको साहले बताउनुभयो । कार्यालयमा ८० रुपियाँपर्ने उक्त खोप बाहिर ५०० रुपियाँमा बिक्री हुने गरेको थाहा पाएपछि आफू आश्चर्यचकित भएको उहाँले बताउनुभयो ।

'कार्यालयभन्दा झन्डै छ गुणा बढी मूल्यमा खोप पाउनु भनेको कालोबजारी हो? यसमा सम्बन्धित सबैले ध्यान दिन जरुरी छ,' साहले भन्नुभयो । आफ्नो घरपालुवा कुकुरलाई हरेक वर्ष रेबिजविरुद्धको खोप लगाउँदै आए पनि यसपटक खोप लगाएको कुकुरलाई नै सडकको भुस्याहा कुकुरले टोकेपछि परिवारमा समेत रेबिजको जोखिम हुनसक्ने भन्दै आफू तनावमा रहेको साहले बताउनुभयो । अस्पताल यस विषयमा गम्भीर नभएको उहाँको आरोप छ । उहाँले खोपको उपलब्धताबारे लिखित जानकारी दिन अस्पताललाई आग्रह गर्दा चिकित्सकले ओपीडी टिकटमै पाँच हप्तादेखि रेबिजविरुद्धको खोप उपलब्ध नभएको उल्लेख गरी फर्काएको बताउनुभयो ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र महोत्तरीका कार्यालय प्रमुख डा. इन्द्रेश झाले अहिले कार्यालयमा रेबिजविरुद्धको खोप २०० भाइल मौज्दात रहेको जानकारी दिनुभयो । पछिल्ला दुई वर्षयता रेबिजविरुद्धको खोपको माग बढ्दै गएको र मौज्दात घट्दै जाने गरेको बताउँदै उहाँले कार्यालयले खोपको कुनै कालोबजारी नगरेको दाबी गर्नुभयो । रेबिज भाइरस मुख्यतः संक्रमित जनावरको ऱ्याल काटेको वा चिथोरेको घाउ तथा आँखा, मुखजस्ता संवेदनशील भागमा सम्पर्क हुँदा सर्न सक्ने भएकाले यसबाट सचेत रहन उहाँले आग्रह गर्नुभयो ।

# 'पर्यटकीय स्थलको योजनाबद्ध विकास'

राजविराज, २ भदौ । संस्कृति, पर्यटन तथा नागरिक उ यनमन्त्री खडकराज पौडेलले सप्तरी जिल्लाका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको योजनाबद्ध विकास गरी स्थानीय रोजगारी, आर्थिक समृद्धि र जिल्लाको पहिचानसँग जोड्नुपर्ने बताउनुभएको छ ।

मन्त्री पौडेलले जिल्लाका विभिन्न धार्मिक तथा पर्यटकीय स्थलको अनुगमन तथा स्थलगत निरीक्षण गर्ने क्रममा कुरा बताउनुभएको हो । उहाँले प्रसिद्ध धार्मिक तथा ऐतिहासिक स्थल छिन्नमस्ता भगवती मन्दिरमा दर्शन तथा पूजाअर्चना गर्नुभएको थियो । मन्दिरका पीठाधीश महाकान्त ठाकुरले मन्त्री पौडेलसहित सहभागीलाई दर्शन तथा पूजाअर्चना गराउनुभएको थियो ।

जिल्लाको धार्मिक, सांस्कृतिक तथा पर्यटन क्षेत्रको समग्र विकासका सम्भावना, पूर्वाधार निर्माण तथा आवश्यक पहलका विषयमा छलफल गर्नुभएको थियो । जिल्लाका प्रमुख धार्मिक तथा



पर्यटकीय क्षेत्रलाई आपसमा जोडेर पर्यटन सर्किटका रूपमा विकास गर्न सके जिल्लाको पर्यटन प्रवर्धनसँगै स्थानीयस्तरमा रोजगारी र आर्थिक गतिविधि विस्तार गर्न सकिनेमा सहभागीले जोड दिएका थिए ।

छिन्नमस्ता भगवती मन्दिरलाई केन्द्रमा राखी राजविराजलगायतका धार्मिक तथा पर्यटकीय क्षेत्रलाई जोडेर पर्यटन सर्किट निर्माण गर्न आवश्यक पूर्वाधार, प्रचारप्रसार तथा पर्यटकमैत्री सेवा विस्तार गर्नुपर्ने विषयमा समेत छलफल भएको राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला सभापति डम्बरनारायण साहले जानकारी दिनुभयो ।

मन्त्री पौडेलले भारदहस्थित प्रसिद्ध कंकालिनी भगवती मन्दिरको दर्शन, अवलोकन तथा निरीक्षण गर्नुभएको थियो । कञ्चनपुरस्थित कोशीटप्पु क्षेत्र अन्तर्गत पथरीको समेत स्थलगत निरीक्षण गर्नुभएको प्रतिनिधि सभा सदस्य पुष्पाकुमारी चौधरीले जानकारी दिनुभयो ।

सप्तरीमा धार्मिक पर्यटनका दृष्टिले छिन्नमस्ता भगवती, कंकालिनी भगवतीलगायतका महत्वपूर्ण स्थल छन् भने कोशीटप्पु क्षेत्र प्राकृतिक तथा पर्यापर्यटनका लागि महत्त्वपूर्ण गन्तव्यका रूपमा रहेको छ । यी क्षेत्रको संरक्षणसँगै आवश्यक पूर्वाधार विकास, पहुँच विस्तार र पर्यटकका लागि आधारभूत सेवाको व्यवस्था गर्न सके जिल्लाको पर्यटनमा नयाँ सम्भावना सिर्जना हुने अपेक्षा गरिएको छ ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)